महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३९ मितिः २०७५/१२/०४

**भाग-२**

**महाशिला गाउँपालिका**

# महाशिला गाउँपालिकाको
# एक घर एक टनेल वितरण सञ्चालन तथा अनुगमन निर्देशिका,२०७५

*गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।१२।०३*

**प्रस्तावना :**
महाशिला गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाई गाउँपालिकामा तरकारीको आयतलाई निरुत्साहित गर्दै तरकारी निर्यातलाई प्रर्वद्धन गर्न गाउँपालिकामा सञ्चालन गरिएको एक घर एक टनेल कार्यक्रममा टनेल बनाउने, टनेल खरिद, यसको वितरण र अनुगमनलाई थप यथार्थपरक बनाई यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक रहेकोले महाशिला गाउँकार्यपालिकाको बैठकले महाशिला गाउँपालिकाको एक घर एक टनेल वितरण सञ्चालन तथा अनुगमन निर्देशिका पारित गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " महाशिला गाउँपालिका एक घर एक टनेल वितरण सञ्चालन तथा अनुगमन निर्देशिका २०७५" रहेको छ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाको निर्णय भएको मिति देखि लागू हुने छ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन समिति" भन्नाले महाशिला गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिलाई जनाउछ।

(ख) “निर्देशिका” भन्नाले महाशिला गाउँपालिका एक घर एक टनेल वितरण सञ्चालन तथा अनुगमन निर्देशिका २०७५ सम्झनुपर्दछ ।

(ग) गाउँपालिका” भन्नाले महाशिला गाउँपालिका सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) “वडा कार्यालय” भन्नाले महाशिला गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

**३. टनेल निर्माणको लागि सूचना प्रकाशन गरिने** : गाउँपालिकाले एक घर एक टनेल कार्यक्रम सञ्चालनको लागि टनेल घर निर्माण र टनेल बनिसकेपछि वडा कार्यालय मार्फत गाउँपालिकाको कृषि शाखामा निवेदन पेश गर्न सूचना प्रकाशन गरिनेछ ।

**४.टनेल खरिद गरिने :** गाउँकार्यपालिकाको कार्यालयले एक घर एक टनेल कार्यक्रम अर्न्तगत विनियोजित रकमको आवश्यक प्रक्रियाद्धारा टनेल प्लाष्टिक खरिद गर्ने कार्य गर्ने छ ।

**५.टनेल वितरण पूर्व अनुगमन गरिने :** (१)टनेल प्राप्तिको लागि निवेदन पेश भईसकेपछि र टनेल प्लाष्टिक खरिद गरिसकेपछि गाउँपालिकाको अनुगमन समितिले टनेल घर बनेको नबनेको अनुगमन गरी यथार्थ विवरण उपलब्ध गराउने छ । अनुमगनमा सवै स्थानमा अनुगमन समिति पुग्न नसकेको अवस्थामा अनुगमन समितिले कृषि प्राविधिकलाई पनि डेटा संकलनको लागि पठाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम अनुगमन समितिले अनुगमन गरी पेश गरेको प्रतिवेदनको आधारमा कुन वडामा कति टनेल आवश्यक छ र कति टनेल उपलब्ध छन सोहि आधारमा टनेल वडा कार्यालयमा पठाइने छ ।

**६. वडा कार्यालय मार्फत टनेल वितरण गरिने :** (१)आफ्नो वडामा बनेका टनेल घर, प्राप्त निवेदन र अनुगमन समितिको प्रतिवेदन समेतका आधारमा वडा कार्यालयले टनेल प्लाष्टिक वितरण गर्नेछ । अनुगमन अवधिसम्म बनेका टनेल घर हरुले टनेल प्राप्तिको लागि प्राथमिकता पाउने छन ।

(२) वडा कार्यालयले वितरण गरेको टनेल प्लाष्टिकको भरपाई गराई वडाकार्यालयले गाउँपालिकाको कार्यालयमा पठाउनुपर्ने छ ।

(३) प्लाष्टिक टनेल वितरण गर्दा दोहोरो पार्न पाइनेछैन र गत आर्थिक वर्षमा टनेल नपाएकाले टनेल प्राप्तिको लागि प्राथमिकता पाउनेछन ।

६. टनेल अपुग भएमा : (१)खरिद प्रत्रियाद्धारा गाउँपालिकाको कार्यालयले खरिद गरेका टनेल भन्दा माग संख्या बढि भई टनेल अपुग भएमा विनियोजित रकम बाँकी रहेको खण्डमा सोही रकमबाट टनेल प्लाष्टिक खरिद गरि वितरण गरिने छ ।

(२) उपदफा १ बमोजिम खरिद गरि वितरण गर्दा पनि अपुग भएको खण्डमा अपुग हुनेको लागि अर्को आर्थिक वर्ष खरिद गरि वितरण गरिने छ ।

(७)**टनेल वितरण प्रश्चात अनुगमन गरिने :** गाउँपालिका तथा वडा कार्यालयले टनेल वितरण गरीसकेपछि कृषकले टनेल प्लाष्टिक हालेका छन छैनन र टनेल घरमा तरकारी बाली लगाएका छन छैनन बेला बेलामा अनुगमन गर्ने छ । यदि प्लाष्टिक टनेल प्राप्त गरी त्यसको दुरुपयोग गरेको पाइएमा दुरुपयोग कर्तालाई गाउँपालिकाले उपलब्ध गराउने अन्य सूविधामा कटौति गर्नेछ ।

**८. यसै निर्देशिका अनुरुप भएको मानिने :** यस निर्देशिका लागु हुनु पूर्व यस कार्यक्रमको लागि गरिएका सम्पूर्ण क्रियाकलाप यसै निर्देशिका अनुरुप भएको मानिने छ ।

**७. वाधा अडकाउ फुकाउने अधिकार :** (१) यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुने छ ।

**प्रमाणिकरण मिति : २०७५।१२।०३**

**आज्ञाले,**
**नामः किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**